# बालमैत्री स्थानीय शासनसम्बन्धी स्थितिपत्र

## पृष्ठभूमि

नेपालले सन् १९९० मा संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धि, १९८९ अनुमोदन गरेको थियो । नेपालले बाल अधिकारको संरक्षण र प्रवर्द्धनका लागि अन्य विभिन्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रतिबद्धताहरूलाई समर्थन गर्दै नीतिगत र संरचनागत सुधारका साथ उल्लेखनीय प्रगति गरेको छ ।

नेपालको संविधान, (२०७२) बालश्रम (निषेध तथा नियमन) ऐन, २०५६, बालबालिका सम्बन्धी ऐन, २०७५, बालबालिका सम्बन्धी नियमवली, २०७८ लगायतका बाल अधिकार प्रवर्द्धनको लागि कानूनी व्यवस्था .गरेका छन् । बाल अधिकार सम्बन्धी ऐनले बालबालिकाको अधिकार र कल्याण सम्बन्धी संस्थागत प्रावधानहरू अन्तर्गत संघीय तहमा राष्ट्रिय बाल अधिकार परिषद्, प्रादेशिक तथा स्थानीय बाल अधिकार समिति, बाल कोष, स्थानीय तहमा बाल कल्याण अधिकारीको व्यवस्था, स्थानीय सरकारमा बाल अधिकार प्रवर्धनका लागि नीतिगत व्यवस्थाको तयारी, बालक्लब तथा संजाल गठन तथा समाजसेवी र बाल मनोविज्ञको व्यवस्था गरेको छ ।

मुलुकी देवानी (संहिता) ऐन, २०७४, मुलुकी अपराध संहिता, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, श्रम ऐन, २०७४, निःशुल्क र अनिवार्य शिक्षा सम्बन्धी ऐन, २०७५, वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यको अधिकार ऐन, २०७५, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ , बाल श्रम उन्मूलन सम्बन्धी राष्ट्रिय गुरु योजना (२०७५-२०८५) लगायतका कानूनी तथा नीतिगत व्यवस्थाहरूले नेपालमा बाल अधिकारको प्रवर्द्धनका लागि विभिन्न व्यवस्थाहरू गरेका छन् । दिगो विकास लक्ष्यहरू, २०३० का विभिन्न लक्ष्यहरूको प्राप्ति प्रयासहरूले समेत बालबालिकाका अधिकारहरूको संरक्षण र प्रवर्द्धनमा प्रत्यक्ष योगदान पुगिरहेको छ । तीनवटै तहका सरकारहरूबाट आवधिक योजना, विषयगत योजना, वार्षिक नीति, कार्यक्रम तथा बजेटमा बालबालिकाका लागि लगानी वृद्धि भएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहका पदाधिकारीहरूको कार्यसम्पादन सम्झौता पत्रमा बालमैत्री स्थानीय शासनमा भएको

प्रगतिलाई समेत समेटेको छ। विभिन्न राजनीतिक पार्टीहरूको पनि आ-आफ्नो निर्वाचन घोषणापत्र पनि बालमैत्रीको सवाललाई महत्त्वका साथ समावेश गरिएको पाइन्छ।

बालमैत्री स्थानीय शासन बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका चार बाकससँग सम्बन्धित सवालहरूलाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति हो । यसले समग्र बालबालिकाको सवाललाई मूलधारमा ल्याउनका लागि तिनै तहका सरकार तथा अन्य सरोकारवालालाई मार्गदर्शन प्रदान गरी दीर्घ रूपका बाल अधिकार सुनिश्चत गर्दछ। नेपालमा बालमैत्री गाउँ, विद्यालय क्षेत्र विकास दृष्टिकोण, स्थानीय शासन र सामुदायिक विकास कार्यक्रम, बालश्रम मुक्त समुदाय प्रवर्द्धन जस्ता कार्यक्रमहरूमा सकारात्मक परिवर्तनलाई ध्यानमा राख्दै २०६८ असार २१ गते नेपाल सरकार मन्त्री परिषद्ले नेपालमा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि, २०६८ स्वीकृत गरेको थियो । त्यस पश्चात विभिन्न सरोकारवाला[ज्ञ]को नेतृत्व र सहजीकरणमा नेपालमा बालमैत्री स्थानीय शासनको अभियान कार्यान्वयन भइरहेको छ। देश संघीय शासन अभ्यासमा गएपछि बालमैत्रीलाई थप प्रभावकारी बनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ पारित गरी कार्यान्वयन गरेको छ । यी दस्तावेजहरूले परिवर्तित सन्दर्भमा बालमैत्री स्थानीय शासन अभियानमा देशभर एकरूपता ल्याउनको लागि कानूनी व्यवस्था गरेका छन् । हाल कार्यान्वयनमा रहेको यस कार्यविधिले बालमैत्री स्थानीय शासनमा ५१ वटा सूचकहरूको व्यवस्था गरेको छ। जसमा बाल बचाउमा १४ वटा, बाल संरक्षणमा १० वटा, बाल विकासमा ६ वटा, बाल सहभागितामा ६ वटा र संस्थागत विकासमा १५ वटा सूचकहरू रहेका छन्।

नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३९ मा बालबालिकाको हकलाई पनि मौलिक हकको रूपमा व्यवस्था गरेको छ। जसमा पहिचान, शिक्षा, स्वास्थ्य, पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन, समग्र व्यक्तित्व विकास, प्रारम्भिक बाल विकास, बाल सहभागिता, जन्म दर्ता लगायतका अधिकारहरूलाई मौलिक हकका रूपमा व्यवस्था गरिएको छ। बालबालिकालाई कुनैपनि जोखिमपूर्ण काममा लगाउन नहुने,

---

*बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्चद्वारा तयार पारिएको बालमैत्री स्थानीय शासनसम्बन्धी स्थितिपत्र, २०८०।*

बालविवाहको अन्त्य, सबै प्रकारका मानसिक तथा शारीरिक हिंसा, यातना र शोषणको अन्त्य लगायतका सवालहरूलाई पनि बालबालिकाको मौलिक हकमा समेटिएको छ ।

राष्ट्रिय जनगणना २०७८ बमोजिम नेपालमा बालबालिकाको जनसंख्या ९८ लाख ६९ हजार ६८३ रहेको छ जसमा बालकको संख्या ५१ लाख १४ हजार ५०५ रहेको छ भने बालिकाको संख्या ४७ लाख ५५ हजार ७८ रहेको छ । बालबालिकाको जनसंख्या कूल जनसंख्यामा ३३.८४ प्रतिशत छ । राष्ट्रिय बाल अधिकार परिषद्ले प्रकाशित गरेको नेपालमा बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन, २०७९ ले नेपालले बाल अधिकार सम्बन्धी महासन्धिले परिभाषित गरेका विभिन्न गुणात्मक र मात्रात्मक सूचकहरूमा उल्लेखनीय प्रगति गरेको देखाएको छ । प्रतिवेदन अनुसार कुल बालबालिकामध्ये ७८ प्रतिशतले पूर्ण खोप पाएका छन् । ८९.६ प्रतिशत बालबालिका बाल विकास केन्द्रमा भर्ना भएका छन् । शैक्षिक सत्र २०७८ सालमा प्रारम्भिक बालविकास केन्द्रको संख्या ३६,५३१ र भर्ना भएका बालबालिकाको प्रतिशत ८९.६ पुगेको छ । हिंसा, दुर्व्यवहार र जोखिममा परेका बालबालिकालाई तत्काल आवश्यक सेवा प्रदान गर्ने कार्यहरूमा राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार समिति र स्थानीय बाल अधिकार समिति, बालबालिका खोजतलास सेवा (निःशुल्क टेलिफोन नं १०४), बाल हेल्पलाइन सेवा (निःशुल्क टेलिफोन नं १०९८), नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, बाल कल्याण अधिकारी, बाल अधिकारसमिति जस्ता संयन्त्रहरू क्रियाशील भइरहेका छन् ।

नेपाल बाल श्रम प्रतिवेदन, २०७८ अनुसार ५ देखि १७ वर्ष उमेर समूहका १५.३% बालबालिका बालश्रममा संलग्न छन्, जुन संख्या तुलनात्मक रूपमा घटिरहेको छ । त्यस्तै, केन्द्रीय तथ्याङ्क विभागको बहु-सूचक क्लस्टर सर्वेक्षण, २०७६ अनुसार जन्म दर्ता दर ७७.२ प्रतिशत रहेको छ । यस्ता धेरै प्रगतिशील पक्षहरू भएतापनि, जनसंख्याको ठूलो भाग ओगटेका बालबालिको संरक्षण र प्रवर्द्धनका लागि नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा विद्यमान संवैधानिक तथा कानूनी व्यवस्था अनुसारका लक्ष्यहरूलाई पूर्ण रूपमा महसुस गर्नका लागि थप कार्यक्रमहरू आवश्यक छन् ।

## बालमैत्री स्थानीय शासन

बालमैत्री स्थानीय शासन गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गीण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना, प्रणाली र कार्य

प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धति हो । यसले बाल अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न राज्यको तर्फबाट गरिने समष्टीगत पद्धति र परिपाटीलाई बालमैत्री बनाउने सोचलाई प्रतिविम्बित गर्दछ । स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा बाल अधिकारका सवालहरूलाई प्राथमिकता दिन्छ । बालबालिकाको समुचित विकासको लागि आवश्यक पर्ने सबै सेवा, सुविधाहरूमा हरेक बालबालिकाको पहुँच सुनिश्चित गराउनु, स्थानीय तहमा बालबालिकासँग सम्बन्धित नीति, योजना र कानून तर्जुमा गर्दा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गराउनु, स्थानीय तहमा निर्माण हुने सबै भौतिक पूर्वाधारहरू बालमैत्री बनाउनु, बालबालिकाको हितविरुद्ध हुने सबै प्रकारका हिंसाहरूको उन्मूलन गर्नु बालमैत्री स्थानीय शासनका प्रमुख उद्देश्यहरू हुन् । मूलप्रवाहीकरण, नीतिगत वकालत, पैरवी र सचेतना, संस्थागत विकास, क्षमता विकास, सहकार्य र साझेदारी प्रवर्धन, समुदाय परिचालन, सामाजिक जवाफदेहिता र पारदर्शिता, समतामूलक कार्यक्रम, सूचना, शिक्षा र सञ्चारको माध्यमबाट व्यवहार परिवर्तन र अनुगमन तथा मूल्याङ्कन बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका प्रमुख रणनीतिहरू रहेका छन् ।

**बालमैत्री स्थानीय शासनका उपलब्धि तथा सवालहरू**

बालमैत्री स्थानीय शासनको अवधारणालाई तीनै तहका सरकार, नागरिक संघसङ्गठन, विकासका साझेदार संस्थाहरू तथा अन्य सरोकारवालाको स्वामित्वमा विभिन्न स्थानीय तहहरूमा कार्यान्वयन भइरहेको छ । हालसम्म २२ स्थानीय तह पूर्ण रूपमा र ५० स्थानीय तहका विभिन्न वडाहरू बालमैत्री घोषणा भइसकेका छन् । बालमैत्री अवधारणाले स्थानीय तहलाई बालमैत्री घोषणा गर्नुका साथै बालबालिकाको सशक्तिकरण गरी योजना प्रक्रियामा अर्थपूर्ण बाल सहभागिता प्रवर्द्धन गर्ने, बालबालिकालाई लक्षित गरी लगानी प्रवर्द्धन गर्ने, बालबालिकासँग सम्बन्धित विकास योजना तर्जुमा गर्ने, सबै विद्यालय र समुदायमा बालक्लब तथा संजालहरूको गठन, क्रियाशीलता, सवलीकरण र बालबालिकाको संस्थागत प्रतिनिधित्व सुनिश्चित गर्ने, बालमैत्री भौतिक तथा संस्थागत संरचनाहरूको निर्माण र सवलीकरण गर्न ठूलो योगदान रहेको छ । बालबालिकालाई प्रत्यक्ष प्रभाव पार्ने विभिन्न समिति तथा संरचनाहरूमा बालबालिकाको प्रतिनिधित्व सुनिश्चित गर्ने र स्थानीय स्तरमा बाल संरक्षण संयन्त्रलाई सुदृढ पार्ने जस्तै स्थानीय तहका नीतिगत व्यवस्था, बाल अधिकार समितिको गठन, बालकल्याण अधिकारीको नियुक्ति, बालकोषको व्यवस्था,

समाजसेवी तथा बाल मनोविज्ञहरूको सूचीकरण जस्ता अन्य थप उपलब्धिहरू बालमैत्री अवधारणा अपनाएका स्थानीय तहहरूमा देख्न सकिन्छ ।

बालमैत्री अभियानले मातृ स्वास्थ्य, नवजात शिशु हेरचाह, पूर्ण खोप, स्वास्थ्य केन्द्र र तालिमप्राप्त स्वास्थ्यकर्मीबाट सुत्केरी, जन्म दर्ता, बालमैत्री पूर्वाधार, स्वच्छ खानेपानीमा पहुँच, खुल्ला दिशामुक्त, अनौपचारिक तथा औपचारिक शिक्षा, आधारभूत सरसफाई र स्वास्थ्य सेवा, पोषण, प्रारम्भिक बाल विकास, पूर्ण भर्ना, विद्यालय निरन्तरता, सिकाई उपलब्धि, हानीकारक अभ्यासहरूको अन्त्य जस्ता विभिन्न लक्षित कार्यक्रम तथा अभियान र प्राथमिकताहरूलाई पनि बलियो बनाएको छ । बालमैत्री अभियानले बालबालिकाका विभिन्न सवालहरूमा एकीकृत र रणनीतिक रूपमा योगदान गरिरहेको छ । बालमैत्री अभियानले बालबालिकाका विभिन्न क्षेत्रहरूमा जिम्मेवार, क्रियाशील र कार्यरत बहुसरोकारवालालाई एउटै छातामुनी ल्याएको छ र स्थानीय स्तरमा बाल अधिकारको प्रवर्द्धन, बालमैत्री स्थानीय शासन अभ्यासको सवलीकरण र समग्रमा बाल अधिकार शासन प्रणाली स्थापना गर्न एकीकृत र समन्वयात्मक दृष्टिकोणका साथ काम गर्दछ ।

बालमैत्री स्थानीय शासन अभियानको प्रवर्द्धनसँगसँगै पोषणमैत्री स्थानीय तह, बालश्रममुक्त स्थानीय तह, किशोरकिशोरीमैत्री स्थानीय तह, बाल विवाहमुक्त स्थानीय तह, लैङ्गिकमैत्री स्थानीय तह, अपाङ्गमैत्री स्थानीय तह, सुनौला हजार दिन अभियान, पुर्ण खोप अभियान, संस्थागत सुत्केरी सतप्रतिशत अभियान (जिरो होम डेलीभरी), विद्यालय शान्ति क्षेत्र अभियान, पूर्ण र नियमित विद्यालय अभियान, युवामैत्री स्थानीय शासन, वातावरणमैत्री, लगायतका अभियानहरू कार्यान्वयनमा छन् । यस्ता अभियानहरूका धेरै सूचकहरू एकअर्कामा अन्तरसम्बन्धित छन् । त्यसैले यस्ता अभियानहरूलाई एकीकृत, संगठित र व्यवस्थित रूपमा सञ्चालन गर्नु आवश्यक छ । यस्ता अभियानहरू एक्लैएक्लै र अन्तरसम्बन्धित नगरी गरिरहदा स्रोत र समयको दोहोरोपन हुन जान्छ । यस्ता अभियानहरूलाई थप परिस्कृत गर्दै लैजान बालबालिकालाई राष्ट्रिय गौरवको रूपमा लिइनु पर्दछ भन्ने अभियानको सुरुवात समेत भइसकेको छ ।

बालमैत्री प्रवर्द्धनमा विभिन्न नागरिक समाज संस्था, बालक्लब, बालक्लब संजाल, संचार, समुदायमा आधारित संस्थाहरू, विद्यालय लगायतका सरोकारवालाको महत्त्वपूर्ण योगदान रहदै आएको छ । बालमैत्री

स्थानीय शासनको प्रवर्द्धनमा बालक्लब, तिनका वर्तमान तथा पूर्व सदस्यहरूको महत्त्वपूर्ण योगदान रहदै आएका छन् । बालमैत्री स्थानीय शासन अभियान्ता तथा बालक्लबका पूर्व सदस्यहरूले बालमैत्री स्थानीय शासनको अभियानलाई सवलीकरणमा सहजीकरण गर्ने उद्देश्यका साथ सन् २०१७ मा बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्चको स्थापना भएको छ । युनिसेफ, वर्ल्ड भिजन इन्टरनेशनल नेपाल, सेभ द चिल्ड्रेन, प्लान इन्टरनेशनल, गुड नेवर्स इन्टरनेशनल, जे. भि. आई. इन्टरनेशनल, एक्प्याक्ट लक्जम्बर्ग, टि. डि. एच. जर्मनी, क्यानालान, कारितास जर्मनी, एक्सन एड, कियर नेपाल, अक्सफाम लगायतका विकास साझेदार संस्थाहरूसँग बालमैत्री स्थानीय शासनको प्रवर्द्धनमा यस मञ्चको समन्वय र सहकार्य रहदै आएको छ । मन्चको सचिवालय नवलपरासी (सुस्ता पूर्व) देवचुलीमा सन् २००१ स्थापना भएको बालक्लबको पूर्व सदस्यहरूले स्थापना गरेको संस्था जागृति बाल तथा युवा सरोकार नेपालमा रहेको छ ।

बालमैत्री स्थानीय शासनको अवधारणा पूर्ण तथा प्रभावकारी रूपमा लागू गर्नका लागि विभिन्न प्रयासहरू भएका छन् । कतिपय स्थानीय सरकारहरूले आफ्नै नेतृत्व र केही स्थानीय सरकारहरूले नागरिक संघसंस्था तथा विकास साझेदारसँगको साझेदारीमा बालमैत्री अभियानलाई गति दिईरहेका छन् । यद्यपी निश्चित समयसम्म सञ्चालनमा रहने परियोजनाले सहकार्य र सहजीकरण गरेका कतिपय बालमैत्री स्थानीय शासनसँग सम्बन्धित अभियानहरू परियोजनाको अन्त्यसँगै निरन्तरता र दिगोपनाका लागि विभिन्न प्रकारका समस्याहरू पनि देखिएका छन् । बालमैत्री स्थानीय शासनलाई सबै स्थानीय तहहरूमा अभियानका रूपमा बहुसरोकारवालाको समन्वय र सहकार्यतामा दोहोरोपना नहुने गरी सकेसम्म सबै स्थानीय तहमा नै पुग्नेगरी कार्यान्वयन गर्नु गराउनु आवश्यक छ ।

बालमैत्री स्थानीय शासनको शुरुवात राम्रो तयारी साथ गरिनु आवश्यक छ । बालबालिकाको प्रोफाइल तथा अवस्था प्रतिवेदन तयारी गरेर सोलाई आधार मानी लगानी योजनासमेतको तयारी गरेर बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयन गरिनु पर्दछ । स्थानीय तहका विभिन्न सरोकारवालाका लागि आचार संहिता तयार गरी कार्यान्वयन गर्नु पर्दछ । बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनका लागि आवधिक प्रगति प्रतिवेदन तयारी तथा कम्तिमा चौमासिक समीक्षा गरिनु पर्दछ । दिगोपनाका लागि बालमैत्री स्थानीय शासनको शुरुवातदेखि नै दिगोपनाका लागि रणनीतिक योजना बनाएर कार्यान्वयन गर्दै

लैजानु पर्दछ । स्थानीय तहमा आवश्यक नीतिगत व्यवस्था, रणनीति र कार्ययोजना तयारी तथा त्यस्ता व्यवस्थाहरूको नियमित अद्यावधिक गर्दै जाँदा बालमैत्री स्थानीय शासन थप प्रभावकारी रूपमा कार्यान्वयन हुन्छ । बालमैत्री फोकल व्यक्ति र शाखाको व्यवस्था गरी उनीहरूलाई प्रभावकारी रूपमा नेतृत्वदायी सहजीकरणका लागि वातावरण तयार गरिनु आवश्यक छ ।

बालबालिकाको सवालमा विद्यमान संघीय तथा प्रादेशिक कानूनहरूको प्रभावकारी कार्यान्वयनमा स्थानीय तहहरूको प्राथमिकता हुनु पर्दछ। स्थानीय तहमा आवश्यक बालबालिका सम्बन्धी कानून, नीति, रणनीति, कार्यविधि तथा कार्यक्रम तय तथा कार्यान्वयन गर्नु पर्दछ । बालबालिकाको सवाललाई स्थानीय तहको आवधिक योजना, विषयगत योजना, मध्यकालीन खर्च संरचना, वार्षिक नीति, कार्यक्रम र बजेटमा मुलप्रवाहीकरण गर्नु पर्दछ । पालिका तथा वडा तहमा बाल अधिकार समितिको गठन तथा पुनर्गठन नियमित हुनु पर्दछ । बालमैत्री स्थानीय शासन सम्बन्धी निर्देशिका, २०७८ तथा कार्यान्वयन कार्यविधि, २०७९ ले परिकल्पना गरेका बालमैत्री स्थानीय शासनसँग सम्बन्धित समितिहरूको गठन गरिनु पर्दछ । स्थानीय तहमा बाल संरक्षण प्रणालीको सवलीकरण नभई बालमैत्री स्थानीय तहको कार्यान्वयन हुन सक्दैन । त्यसैले बालकल्याण अधिकारीको नियुक्ति, बाल अधिकार समितिको गठन तथा प्रभावकारिता, बाल अधिकार समितिका लागि कार्यालय तथा आवश्यक स्रोतसाधन, बालकोषसँग सम्बन्धित स्थानीय कार्यविधिको निर्माण तथा कार्यान्वयन, बालमनोविज्ञ तथा सामाजिक कार्यकर्ताको सूचीकरण, उनीहरूका लागि तालिम र परिचालन, विशेष संरक्षण आवश्यक भएका बालबालिकाका लागि विशेष नीति तथा कार्यक्रम र बाल संरक्षण प्रणालीको नक्शाङ्कन, विकास र अभ्यास योजना तर्जुमा प्रक्रियामा बालभेला मार्फत बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनु पर्दछ ।

बालमैत्री अभियानको प्रभावकारी कार्यान्वयनका प्राथमिकताका क्षेत्रहरू निम्नानुसार रहेका छन् ।

## १. क्षमता विकास

नेपालमा बालमैत्री स्थानीय शासन अवधारणा कार्यान्वयनको एक दशक पुगिसक्दा पनि यस अवधारणाको समान बुझाईमा कमी रहेको छ । यस अभियानमा संलग्न सरोकारवालाको संस्थागत क्षमताको विश्लेषण गरी स्थानीय स्तरका संस्थाहरू, जनप्रतिनिधि, नागरिक संघसङ्गठन, नीति निर्माता, बालक्लब लगायतका सबै सरोकारवालाको क्षमता विकासलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्नु आवश्यक छ ।

स्थानीय सरकारको नीति, योजना, बजेट, कार्यान्वयन, अनुगमन, समीक्षा, प्रशिक्षण आदिमा बालमैत्री स्थानीय शासनले प्राथमिकता पाउनु आवश्यक छ । बालमैत्री स्थानीय शासनलाई स्थानीय विकासमा मुलप्रवाहीकरण गरिनु आवश्यक छ । बाल भेलाको अभ्यास, प्रभावकारिता र नियमितता तथा बालक्लब, संजाल, महिला समूह, महिला स्वास्थ्य स्वयमसेविका, बालक्लबका पूर्वसदस्यहरू, युवा समूह र सम्बन्धित सरोकारवालाको क्षमता विकास, संस्थागत विकास तथा सुदृढीकरण र परिचालन गर्नका लागि काम गर्नु पर्दछ ।

## २. अभियान र दिगोपनाको योजना

बालमैत्री अभियानको सफलता स्थानीय स्तरमा सबै सरकारी, सामाजिक, निजी र गैरसरकारी बहुसरोकारवालाको संयुक्त प्रयासमा मात्र सम्भव छ। बालमैत्री अभियानका कतिपय कार्यक्रमहरू नागरिक संस्था र विकास साझेदारहरूको परियोजनाहरूसँग सम्बन्धित छन् जुन निश्चित समयमा सम्पन्न हुने परियोजनासँग सकिन्छन् । कतिपय अभियान स्थानीय तहले आत्मसात नै गर्न पाईसकेका हुदैनन् । केही स्थानीय तहमा बालमैत्री अभियानलाई घोषणामा मात्र सिमित पनि गरिएको छ । प्रभावकारी कार्यान्वयन र दिगोपनामा प्राथमिकता कम देखिएको छ। बालमैत्री स्थानीय शासनको अभियानलाई निश्चित समयको अभियानका रूपमा कार्यान्वयन गर्ने तर सोको कार्यान्वयन र घोषणामा जुन प्राथमिकता देखिन्छ सो घोषणापछिको दिगोपनामा कम देखिएको छ । बालमैत्री स्थानीय शासनको कार्यान्वयनमा राजनीतिक प्रतिबद्धता र राजनीतिक नेताहरूको संलग्नता बढाउनु आवश्यक छ । बालमैत्री अभियान विभिन्न सरोकारवालाको सामूहिक संलग्नतामा कार्यान्वयन गरिनु पर्दछ । यसलाई एकल रूपमा नहेरी स्थानीय तहका सबै प्रकारका योजना, कार्यक्रम र प्रयासहरूमा मूलप्रवाहीकरण गरी स्थानीय तहका सबै प्रयासहरूमा बालबालिकाको सर्वोत्तम हित, बालबालिकाको दिर्घ जीवन र विकासलाई कुनै पनि प्रकारको विभेदविना बालबालिकाको विचार र भावनाको अर्थपूर्ण रूपमा सम्बोधन हुनेगरी गरिनु पर्दछ । बालमैत्री स्थानीय शासनको अभियानलाई सामाजिक, विकास र राजनीतिक एजेन्डा बनाउन जरुरी छ ।

## ३. बालबालिकामा प्रयाप्त लगानी

तीनै तहका सरकारहरूमा पूर्वाधार विकासमा प्राथमिकता रहेको छ । तुलनात्मक रूपमा सामाजिक विकासको क्षेत्र कम प्राथमिकतामा छ । बालबालिका राष्ट्रिय गौरव हुन् भन्ने भावनालाई आत्मसात गरी

नीति, कार्यक्रम र बजेटमा समावेश गरिएको देखिदैन । बालबालिका प्राथमिकतामा पर्न नसकेकै कारण बालबालिकाको क्षेत्रमा आवश्यक, जनसंख्या अनुसार पर्याप्त बजेट विनियोजन हुन सकेको छैन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रभावकारी कार्यान्वयन गर्दै आ-आफ्नो स्थानीय तहमा सामाजिक विकासलाई समेत प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्नेमा सो हुन सकेको छैन । यस अघि तत्कालीन स्थानीय निकायहरूमा बालबालिकाका लागि कुल विकास बजेटको १०% (बालमैत्री घोषणा भएका स्थानीय निकायहरूमा १५%) अनिवार्य विनियोजन गर्ने व्यवस्था गरिदा जुन प्राथमिकताका साथ बालबालिकाका लागि बजेट विनियोजन हुन्थ्यो आज स्थानीय सरकारको अभ्यासमा स्थानीय सरकारको अभ्यास गरिरहदा खुम्चिन पुगेको छ । घर नजिकको सरकारको अभ्यास गर्दै गर्दा बालबालिकाका लागि बजेट विनियोजन र बालबालिकाका सवालहरू स्थानीय तहमा प्राथमिकतामा पर्न सकेको छैन । विशेष पृष्ठभूमिका बालबालिकाका लागि बाल पोषण भत्ता सबै जिल्लामा लागू भएको भएता पनि सबै बालबालिकालाई समेट्ने बाल पोषण भत्ता २५ वटा जिल्लाहरूमा मात्र कार्यान्वयनमा छ । त्यो पनि मासिक रूपमा जम्मा रु ५३२ मात्रै रहेको छ । विद्यालय दिवा खाजा कार्यक्रम सरकारी विद्यालयहरूमा प्रदान गरिएको छ जुन प्रति दिन रु. १५ मात्र छ र यो अहिलेको महंगीको अवस्थामा अत्यन्त कम देखिएको छ । प्रति व्यक्ति थोरै पैसा, विद्यालय व्यवस्थापनको रणनीतिक कार्यान्वयनको अभाव र पत्रु खाना (जंक फुड) का कारण बालबालिकालाई पोषणमा समेत योगदान पुऱ्याउने, विद्यालयमा नियमितता र सिकाई उपलब्धि बढाउने उद्देश्यका साथ कार्यान्वयन गरिएको दिवा खाजालाई आशातित प्रभावकारी बनाउन सकिएको छैन । विद्यालय दिवा खाजा कार्यक्रम नीतिगत रूपमा कक्षा ८ सम्म प्रदान गरिने भनिए तापनि हाल जम्मा ५ कक्षासम्म र दैनिक रूपमा रु. १५ को हिसाबले मात्र दिइएको छ । यद्यपी यसलाई प्रत्येक वर्ष बढाउदै लग्ने भनिएको छ । वर्तमान अवस्थामा यो प्रयाप्त छैन । धेरै विद्यालयहरूले दिवा खाजाका लागि अभिभावकहरूबाट थप पैसा पनि उठाउने गरेको अवस्था छ । यसलाई प्रभावकारी बनाउन तिनै तहका सरकारको गम्भीरता आवश्यक छ ।

## ४. नीतिगत व्यवस्था तथा विभिन्न तहका सरकारहरूको भूमिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बालमैत्री शासनको प्रवर्द्धनमा स्थानीय सरकारलाई जिम्मेवारी दिएको छ । बालबालिका सम्बन्धी ऐनको दफा ६० ले स्थानीय तहमा बाल अधिकार समितिको प्रावधान उल्लेख गरेको छ । बाल अधिकारका सबै पक्षहरूको कार्यान्वयन र प्रवर्द्धन गर्न बाल अधिकार समिति

जिम्मेवार छ । बालमैत्री स्थानीय शासन सम्बन्धी नीतिगत व्यवस्थामा पनि स्थानीय तहमा बालमैत्री समितिहरूको व्यवस्था गरिएको छ । बाल अधिकार सम्बन्धी समिति दिगो प्रकृतिको र बालमैत्री समिति अभियानका लागि बनाईएको संरचनात्मक व्यवस्था हो । केही स्थानीय तहहरूमा दुवै प्रकारको समिति अन्तरगत कामहरूको जिम्मेवारी बाल अधिकार समितिलाई नै दिइएको पनि छ ।

बालमैत्री अवधारणा संघीय, प्रादेशिक र स्थानीय तहको नीतिगत व्यवस्थामा प्रतिविम्बित भई सबै तहको योजना, नीति, कार्यक्रम र बजेटमा समावेश हुनु जरुरी छ । बालमैत्री अवधारणा कार्यान्वयनको लागि तीनै तहमा बाल अधिकारको प्रवर्द्धन तथा बालमैत्रीसँग सम्बन्धित उचित प्रणालीको व्यवस्था तथा पूर्ण रूपमा स्थानीय सरकारको आवश्यकतामा आधारित भई अभियान सञ्चालन गरिनु आवश्यक छ। बालमैत्री स्थानीय शासनसँग सम्बन्धित मन्त्रीस्तरीय निर्णयबाट निर्देशिका, २०७८ र कार्यान्वयन कार्यविधि, २०७९ निर्माण भई कार्यान्वयनमा रहेको भएता पनि अब मन्त्रीपरिषद्बाट नै बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति निर्माण भई कार्यान्वयन हुँदा थप प्रभावकारी हुने भएकाले सो तयार भई कार्यान्वयन हुनु आवश्यक रहेको छ ।

बालमैत्री स्थानीय शासनलाई प्रभावकारी कार्यान्वयनका लागि प्रादेशिक र संघीय तह मार्फत अनुदानको प्रावधान गरीनु आवश्यक छ । स्थानीय सरकारका प्रतिनिधिहरूलाई बालमैत्री स्थानीय शासन केन्द्रित लगानी गर्न प्रोत्साहित गर्दै नागरिक संस्था र विकास साझेदारहरूलाई समेत समन्वय र साझेदारीका लागि उत्प्रेरित र सहजीकरण गरी बालबालिकाका साझा सवाल र बालमैत्री स्थानीय शासनका लागि लगानी प्रवर्द्धन गर्नु आवश्यक छ ।

### ५. अनुसन्धान, अभिलेखीकरण तथा स्रोत केन्द्रहरूको प्रवर्द्धन

बालमैत्री स्थानीय शासन सम्बन्धी अध्ययन, अनुसन्धान तथा खोज गरी समयानुकुल कार्यक्रमहरूको कार्यान्वयन, परिमार्जन तथा असल अभ्यास र सिकाइहरूका आधारमा यसको प्रवर्द्धन गरिनु पर्दछ । बालमैत्री स्थानीय शासनका विभिन्न ठाँउहरूका अभ्यासहरू, चुनौती र सिकाईहरूको नियमित अभिलेखीकरण, सूचना सामग्रीहरूको निर्माण तथा वितरण, सञ्चार माध्यममार्फत प्रचारप्रसार तथा प्रवर्द्धन, तीनै तहमा स्रोत तथा सिकाई केन्द्रहरू व्यवस्था गरिनु पर्दछ । बालमैत्री स्थानीय शासनको

अवधारणालाई बाल अधिकार महासन्धि, दिगो विकास लक्ष्य तथा बालबालिका सम्बन्धी नेपाल सरकारका अन्य अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूसँग अन्तरसम्बन्धित गरी कार्यान्वयन गर्नु पर्दछ ।

## ६. बालमैत्री स्थानीय शासन सूचकहरूको अद्यावधिक, स्थानीयकरण र थप सूचक

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले ५१ वटा सूचकहरूको व्यवस्था गरेको छ । जसमा सेवासँग सम्बन्धित ३६ सूचकहरू र संस्थागत १५ सूचकहरू रहेका छन् । कतिपय सूचकहरू कसरी पूरा गर्ने बारे अस्पष्ट छन् । केही सूचकहरू अद्यावधिक गर्नुपर्ने छ । सूचकमा सीमान्तीकृत बालबालिका, बाल केन्द्रित विपद् जोखिम न्यूनीकरण, बाल संवेदनशील सामाजिक सुरक्षा, अपाङ्गता भएका बालबालिकाका सवाल, यौनिक तथा लैङ्गिक अल्पसंख्यक बालबालिकासँग सम्बन्धित सवालहरू थप समेट्नु पर्ने छ । बालमैत्री स्थानीय शासनसँग सम्बन्धित सूचकहरूको एउटा राम्रो पक्ष के हो भने सूचकहरू नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता, संविधान र विद्यमान कानून तथा नीतिगत व्यवस्था समेतका आधारमा रही स्थानीय आवश्यकता र प्राथमिकतालाई सम्बोधन हुनेगरी स्थानीयकरण गर्न सकिन्छ । कुनै सूचक स्थानीय परिप्रेक्ष्यमा थप आवश्यक भएमा थप गर्न सकिन्छ ।

## ७. अर्थपूर्ण बाल सहभागिता र बालभेला

राष्ट्रिय बाल अधिकार परिषद्बाट प्रकाशित बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन २०७९ मा उल्लेख भए अनुसार हाल नेपालमा विद्यालयमा आधारित १९ हजार ९५६ बालक्लब रहेका छन् । भने पहिलाको तथ्याङ्कलाई हेर्दा नेपालमा करिब २३००० भन्दा बढी बालक्लब र तिनका सञ्जालहरू रहेको देखिन्छ यद्यपी विश्वासिलो अध्ययन र सोसम्बन्धी व्यवस्थित तथ्याङ्कको अभाव नै रहेको छ । बालक्लब तथा तिनीहरूको सक्रियता तथा क्षमता विकासको कमि छ । बालबालिकाको सहभागितालाई संस्थागत गर्न थप काम गर्नुपर्ने अवस्था छ । यद्यपी धेरै स्थानीय तहहरूमा विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति र बालबालिकासँग सम्बन्धित स्थानीय संरचनाहरूमा बालक्लब तथा संजालहरूका प्रतिनिधिहरूको संस्थागत प्रतिनिधित्वको अभ्यास बढेर गएको छ। स्थानीय तहको सहभागितात्मक योजना निर्माण प्रक्रियामा बाल भेलाको अभ्यास गरिएका छन् । यस्तो अभ्यास सबै स्थानीय तहहरूसम्म पुऱ्याउनु पर्ने छ । कतिपय स्थानीय तहहरूमा बाल सहभागिताका नाममा टोकनवाद (विचार राख्ने ठाउँ, बिना बालबालिकाको कोटा पूरा गर्ने सहभागिता वा  नाम मात्रको बोल्न दिने र बोलेको कुरा नीतिगत रूपमा वा निर्णयमा इमान्दारीपूर्वक प्रतिविम्वित नगर्ने) पनि देखिएका छन् । बालबालिकाको अर्थपूर्ण सहभागिताका

लागि बालबालिकाको क्षमता विकास गर्नुपर्ने अवस्था छ । बालक्लब तथा संजाल र उनीहरूको अर्थपूर्ण सभागिताका लागि समावेशी र प्रभावकारी सहभागिता र सुनुवाईको प्रवर्द्धन र अभ्यास गरिनु आवश्यक छ ।

## बालमैत्री अभियानको प्रवर्द्धन, कार्यान्वयन र दिगोपनामा प्रमुख सरोकारवालाको भूमिका

बालमैत्री अभियानको प्रभावकारी र दिगो प्रवर्द्धन, कार्यान्वयन र दिगोपनाका लागि सरकारका तीनै तहमा रहेका सबै सरोकारवालाको विशेष भूमिका हुन्छ । बालमैत्री अभियानलाई सफल बनाउन विभिन्न सरारेकारवालाको समन्वयकारी भूमिका र योगदानले नै यो अभियानको प्रभावकारी कार्यान्वयन र दिगोपना हुन सक्दछ ।

१. अभिभावक तथा बालबालिकाको भूमिका

| अभिभावक | बालबालिका तथा बालक्लब |
| --- | --- |

| | |
|---|---|
| • परिवारमा बालमैत्री वातावरण, आचरण तथा संरचनाहरूको निमार्ण गर्ने<br>• अपाङ्गता भएका, मानसिक समस्या भएका, र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक बालबालिकाको आवश्यकतालाई विशेष प्राथमिकता दिने<br>• घरमा सकारात्मक, उत्प्रेरक, दोहोरो, अन्तरक्रियात्मक र अहिंसात्मक संचारको अभ्यास गर्ने, निर्देशनात्मक संचारलाई निरुत्साहित गर्ने,<br>• बालबालिकालाई आफ्नो विचार, भावना, अनुभव र धारणा व्यक्त गर्ने प्रयाप्त र सहज अवसर र उनीहरूको आवाजलाई प्राथमिकता दिने<br>• बालबालिका माथि कुनै पनि किसिमको हिंसा, दुर्व्यवहार, भेदभाव, शोषण वा बेवास्ता नगर्ने<br>• हानीकारक सामाजिक तथा सांस्कृतिक अभ्यासहरूबाट बालबालिकालाई सुरक्षित राख्ने ।<br>• बालबालिकाको गुणस्तरीय शिक्षा, स्वास्थ्य, जीवन उपयोगी र व्यावहारिक शिक्षामा सहयोग गर्ने ।<br>• बालबालिकाको खोप, स्वास्थ्य, पोषण र बालबालिकाको सुरक्षित र दीर्घ जीवन सुरक्षित गर्ने ।<br>• बालबालिकाका लागि खेल, मनोरंजन, आराम, माया, प्रेम र स्नेहको वातावरण सुनिश्चित गर्ने,<br>• परिवारमा अन्तरपुस्ता संवाद र अन्तरक्रियाको वातावरण प्रवर्द्धन गर्ने ।<br>• बालबालिकासँग सँगै बस्ने, खाना खाने र सँगै खेल्ने, कुराहरू सुन्ने , सञ्चार माध्यमसँगै बसी हेर्ने | • बालक्लबमा सबै बालबालिकाको सहभागिता सुनिश्चित गर्ने,<br>• नियमित रूपमा बैठक आयोजना गर्ने,<br>• बैठकमा लोकतान्त्रिक र खुल्ला छलफल तथा सुझावको वातावरण तयार गर्ने,<br>• बालक्लबहरूका अभियानहरूलाई समुदायमा नमुनाका रूपमा स्थापित गर्न व्यवस्थित रूपमा कार्यान्वयन गर्ने,<br>• बालक्लबको नेतृत्व हस्तान्तरण वार्षिक रूपमा गर्दै जाने र नयाँनयाँ नेतृत्व तयार गर्दै जाने,<br>• बालक्लबमा सकारात्मक र सिर्जनशील सोच र छलफललाई प्रवर्द्धन गर्ने<br>• सबै बालबालिकाले आफ्ना विचार, धारणा तथा आफ्ना कुराहरू निर्धक्कसँग व्यक्त गर्ने ।<br>• बाल क्लबमा समावेशी नेतृत्व र सहभागिताको अभ्यास गर्ने<br>• बालक्लबको माध्यमबाट पछि परेका समुदायका बालक, बालिका, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक बालबालिका, अपाङ्गता भएका, विपद् माहमारीको जोखिममा परेका इत्यादीलाई विशेष प्राथमिकता दिने ।<br>• विभिन्न कार्यक्रमहरू आयोजना गर्दा सामाजिक, सांस्कृतिक, आर्थिक, लैङ्गिक वा शारीरिक वा अन्य कुनै पनि कारणले सबैभन्दा धेरै समस्या वा अप्ठ्यारा वा जोखिममा रहेका बालबालिकालाई प्राथमिकता दिने ।<br>• बाल क्लब तथा संजालमा आउने विभिन्न अवसरहरूमा आफ्ना सदस्यहरूलाई समानुपातिक रूपमा सहभागी हुने ।<br>• असल आनीबानी, व्यवहार अभ्यास गर्ने र आफू र आफ्ना सदस्यहरूको क्षमता विकासमा ध्यान दिने ।<br>• आफ्नो परिवार, टोल, बस्ती, गाँउ, समुदायका आफ्नो उमेर र क्षमता अनुसारका क्रियाकलापहरूमा तथा बालभेलामा सहभागी हुने ।<br>• आफ्नो अधिकारको बारेमा सचेत हुँदै अरु साथीहरूलाई बाल अधिकारको संरक्षण, प्रवर्द्धन र विकासको लागि सचेत र सुसूचित गर्ने । |

| | |
|---|---|
| ● घरमा र सामुदायिक स्थानमा बालबालिको अगाडि बोल्ने भाषा, शब्द, छलफल, बहस, खानपान, इत्यादी बालबालिकाको लागि सुहाउँदो हुनुपर्दछ । <br>● बालबालिकालाई अधिकारसँगसँगै कर्तव्य र जिम्मेवारीको विषयमा उत्प्रेरित गर्ने । | ● नियमित अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्ने र साथी तथा भाइबहिनीलाई सहभागी गराउने <br>● बालमैत्री शासन, पोषणमैत्री शासन, वातावरण मैत्री, बालबालिका शान्ति क्षेत्र हुन्, बालबालिका राष्ट्रिय गौरव हुन् भन्ने अभियानको प्रचारप्रसार गर्ने । |

## २. तीन तहका सरकारको भूमिका

| स्थानीय सरकार | प्रदेश सरकार | संघीय सरकार |
|---|---|---|
| • स्थानीय तहमा बालमैत्री स्थानीय शासनसँग सम्बन्धित आवश्यक नीतिगत व्यवस्थाहरू गर्ने, त्यस्ता नीतिगत व्यवस्थाहरू आवश्यकता अनुसार संशोधन गर्ने ।<br>• बालमैत्री स्थानीय शासनको कार्यान्वयनका लागि आवश्यक दस्तावेज, कागजात तथा सोसँग सम्बन्धित आवश्यक निर्णय र संरचनाहरूको निर्माण गरी कार्यान्वयन गर्ने ।<br>• बालमैत्री स्थानीय शासनका सूचकहरूको स्थानीयकरण गरी कार्यान्वयनको लागि स्वामित्व लिने ।<br>• स्थानीय तहको आवश्यकता अनुसार थप सूचकहरू तय गरी कार्यान्वयन गर्ने,<br>• स्थानीय सरकारको वार्षिक नीति, कार्यक्रम र बजेटमा बालबालिकाका सवाललाई प्राथमिकताका साथ आवश्यक बजेटको बालबालिकाको जनसंख्या र विद्यमान प्राथमिकता समेतका आधारमा निश्चित प्रतिशत बजेट विनियोजन गर्ने,<br>• बालमैत्री स्थानीय तहसँग सम्बन्धित विभिन्न चरण र सो चरणहरूमा गर्नुपर्ने कामहरूको विस्तृत सूची र कार्ययोजना तयार गरी विषयगत समिति, शाखा र सरोकारावालाको जिम्मेवारीसहित कार्यान्वयन गर्ने गराउने<br>• बालबालिकासँग सम्बन्धित सबै क्षेत्रमा अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गर्ने तथा सोका लागी प्रभावकारी रुपमा बस्ती स्तरबाट नै बाल भेला अभ्यास गर्ने गराउने । | • बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयन, घोषणा र दिगोपनाका लागि प्रभावकारी अनुगमन, तथा मूल्याङ्कन गर्ने,<br>• बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि अनुदानको व्यवस्था गर्ने,<br>• बालमैत्री स्थानीय शासनका लागि आवश्यक संयन्त्रहरू स्थापनाका लागि प्रदेश स्तरमा आवश्यक नीतिगत व्यवस्था मिलाउने,<br>• बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनको लागि सरकारी, सामाजिक, निजी र अन्य सरोकारवालाको जवाफदेहिता, संलग्नता र साझेदारी बढाउने ।<br>• सरोकारवालासँग स्रोत साझेदारीका लागि सहजीकरण गर्ने ।<br>• स्थानीय सरकारहरू बीच असल अभ्यास र अनुभव आदानप्रदानका कार्यक्रहरूको आयोजना र सहजीकरण गर्ने<br>• बालमैत्री प्रदेश घोषणाको लागि नीतिगत व्यवस्थाको अवलम्बन गर्ने ।<br>• बालमैत्री नीति, कार्यक्रम र बजेट विनियोजन र कार्यक्रम छनोटका लागि स्थानीय | • बालमैत्री स्थानीय शासनसँग सम्बन्धित आवश्यक नीतिगत व्यवस्थाहरू गर्ने, संशोधन गर्नुपर्ने व्यवस्थाहरू समयमा नै संशोधन गरी कार्यान्वयन गराउने<br>• आवश्यक संरचनाहरूको निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,<br>• संघीय नीति, कार्यक्रम र बजेटमा बालमैत्री स्थानीय शासनलाई प्राथमिकतामा राख्न पहल गर्ने,<br>• बालमैत्री अभियानको नियमित अनुगमन, दिशानिर्देश र निर्देशनहरू प्रदान गर्ने,<br>• बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि आवश्यक सूचना, जानकारी, सहजीकरण संचार नियमित रूपमा प्रदेश र स्थानीय तहहरूलाई उपलब्ध गराउने<br>• बालमैत्री स्थानीय शासनसँग सम्बन्धित स्रोत सामग्रीहरूको तयारी गरी प्रदेश र स्थानीय तहहरूलाई उपलब्ध गराउने<br>• विभिन्न सम्बन्धित मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग र राष्ट्रिय बाल अधिकार परिषद् लगायतका सराकोरवालाको समेतको संलग्नता सुनिश्चित गर्ने ।<br>• प्रदेश र स्थानीय तहमा आउने वा आउन सक्ने अल्पमल्ल वा समस्याहरूको सम्वोधनका लागि आवश्यक संचार वा सहजीकरण समयमा नै गर्ने,<br>• बालमैत्री स्थानीय शासनसँग सम्वन्धित तथ्यांक प्रणालीको विकास गर्ने र त्यस्तो तथ्याङ्क अद्यावधिक गर्ने,<br>• स्थानीय सरकारहरूको लागि अनुदानको प्रावधान सहित प्रभावकारी नीति र कार्यक्रमको व्यवस्था गर्ने । |

| | | |
|---|---|---|
| • बाल क्लब/सञ्जालहरूको गठन, पुनर्गठन तथा सक्रिय परिचालन गर्ने गराउने<br>• बालमैत्री स्थानीय शासनका बारेमा सबै सरोकारवालाहरूमा सचेतना, क्षमता अभिवृद्धि, समन्वय, सहकार्य र स्रोत साझेदारी विकास गर्ने<br>• बालबालिकासँग सम्बन्धित सबै संरचनाहरूमा बालबालिकाको अर्थपुर्ण र प्रभावकारी उपस्थिति सुनिश्चित गर्ने<br>• बाल क्लब/सञ्जालहरूलाई सवलीकरण र सशक्तिकरण गर्ने<br>• बालमैत्री प्रबर्द्धनको लागी स्थानीय रणनीतिक योजना तयार गरी बहुसरोकारवालाहरूको समन्वयमा कार्यान्वयन गर्ने गराउने ।<br>• बालबालिका सम्बन्धी ऐन र अन्य कानुन तथा नीतिगत व्यवस्थाहरूमा भएका प्रावधानहरूको प्रभावकारी कार्यन्वयन गर्ने ।<br>• बालबालिका सम्बन्धी ऐन नियम कानून कार्यविधिहरूलाई स्थानीय तहमा कार्यन्वयन गर्ने | तहहरूलाई आवश्यक मार्गदर्शन तथा सहजीकरण गर्ने ।<br>• बालमैत्री स्थानीय शासनको कार्यान्वयन र दिगोपनाका लागि सम्बन्धित स्थानीय तहहरूका लागि विशेष स्रोत, साधन र अवसरहरूको सिर्जना गर्ने,<br>• स्थानीय सरकार र संघीय विभागीय मन्त्रालयहरू बीच समन्वयकारी भूमिका निर्वाह गर्ने,<br>• प्रदेश तहमा बालमैत्री स्रोत व्यक्ति, प्रशिक्षक र अभ्यासकर्ताहरूको तालिम आयोजना गर्ने, तयार गर्ने र रोष्टर तयार गरी स्थानीय तहहरू र सरोकारवालालाई उपलब्ध गराउने ।<br>• बालमैत्री उन्मुख वडा/पालिकाको अनुगमन गरी सुझाव प्रदान गर्ने । | • बहुआयामिक दृष्टिकोण मार्फत अपेक्षित उपलब्धिहरू हासिल गर्न सामाजिक परिचालन र सबै क्षेत्रमा बालमैत्री नीति अवलम्बनको लागि लगानीलाई प्राथमिकता दिने ।<br>• सिंगो देशलाई तोकिएको वर्ष वि.स. २०८७ पूर्व नै बालमैत्री घोषणा गर्ने नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने ।<br>• बालमैत्री स्रोत व्यक्ति, प्रशिक्षक र अभ्यासकर्ताहरूको तालिम आयोजना गर्ने, तयार गर्ने र रोष्टर तयार गरी स्थानीय तहहरू र सरोकारवालालाई उपलब्ध गराउने,<br>• बालमैत्री स्थानीय शासनसँग सम्बन्धित फर्म, फरमेट, प्रश्नावली, ढाँचाहरूमा समयक्रममा आवश्यकताअनुसार परिमार्जन गर्ने र स्थानीय तहहरूलाई उपलब्ध गराउने । |

**३. नागरिक संघसङ्गठन, सञ्जाल र नीजि क्षेत्र**

| संघीय नागरिक संघसङ्गठन र सञ्जाल | स्थानीय संघसंस्थाहरू | विकास साझेदार संस्थाहरू संयुक्त राष्ट्र संघीय निकाय | नीजि क्षेत्र र संचार माध्यम |
|---|---|---|---|
| १. बालमैत्री अवधारणाका विभिन्न क्षेत्रहरूमा अध्ययन र अनुसन्धान साथ प्रमाण-आधारित कार्यक्रमहरूको कार्यान्वयन गर्ने ।<br>२. कार्यशाला, संवाद, तालिम, सूचना सामग्री, सचेतना | १. बालमैत्री स्थानीय शासनका बारेमा क्षमता विकास, जागरुकता र संवेदनशीलता अभिवृद्धि गर्ने,<br>२. बालमैत्री अभियानलाई निरन्तर अभियानको | १. सबै क्षेत्रमा संयुक्त रूपमा सेवा प्रवाह गर्न र बालमैत्री स्थानीय शासन स्थापनाका लागि विभिन्न सरोकारवाला बीच आर्थिक तथा प्राविधिक साझेदारीको संयन्त्र स्थापना गर्ने । | १. बालबालिकालाई हानी पुग्ने कुनै पनि काम, तरिका वा प्रक्रियामा बालबालिकाको प्रयोग नगर्ने,<br>२. उत्पादन, बजार, विक्री, विज्ञापन वा सोको |

| | | | |
|---|---|---|---|
| लगायतका कार्यक्रमहरू कार्यान्वयन गर्ने गराउने ।<br>३. स्रोत केन्द्र स्थापना र बालमैत्री स्थानीय शासनका लागि प्राविधिक सहयोग मार्फत स्थानीय मानव संसाधन वृद्धि तथा बालमैत्री अभियानमा स्थानीय च्याम्पियनहरू विकास गर्नका लागि सबै स्थानीय सरकार, सामुदायिक संस्थाहरू, बालक्लब सदस्यहरू र अन्य सरोकारवालामा क्षमता अभिवृद्धि गरी समन्वयमा कम गर्ने,<br>३.परियोजनामुखी नभई बालमैत्री अभियानलाई निरन्तर अभियानको रूपमा प्रवर्द्धन गरी काम गर्ने ।<br>४. बालमैत्री अभियानका लागि सम्बन्धित सराकोरवालासँग संयुक्त प्रयास स्थापना गर्ने ।<br>५. अभिभावक शिक्षा लगायतका प्रयासहरूको प्रवर्द्धन गर्ने,<br>६. बालक्लबका पूर्व सदस्यहरू, जनप्रतिनिधिहरू, अभियान्ताहरू लगाएतका सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।<br>७. अधिकार सँगसँगै कर्तव्य र जिम्मेवारीको विषयमा सचेतना अभिवृद्धि गर्ने । | रूपमा परिवार, समाज र स्थानीत तहमा प्रवर्द्धनात्मक कार्य गर्ने ।<br>३. बालमैत्री अवलम्बनको प्रक्रियामा पूर्व बालक्लब सदस्यहरू, विभिन्न विशेषज्ञहरू, अभ्यासकर्ताहरू र सरोकारवालालाई पहिचान र परिचालन गर्ने ।<br>४. समान विचारधारा भएका सरोकारवालाको समन्वय र साझेदारीमा सूचकहरूको परिपूर्तिको लागि समन्यात्मक योगदान गर्ने ।<br>५.नीजि क्षेत्र, सहकारी, वित्तिय संस्थाहरू, समुदायमा आधारित संस्थाहरू, टोल विकास संस्था, बालबालिका, युवा, महिला लगायतका विषयगत समूह, समितिहरू लगायत सबै वर्ग, क्षेत्र, समूह, समुदाय र पृष्ठभूमिका नागरिकहरूको अपनत्वसहितको सक्रिय र प्रभावकारी उपस्थिति र सहयोगका साथ बालमैत्री प्रवर्द्धन गर्न समन्वय गर्ने गराउने | २. बालमैत्री अवधारणाको प्रवर्द्धनका लागि लगानी बढाउने ।<br>३. आवश्यक नीतिगत व्यवस्थाहरूका लागि प्राविधिक सहयोग प्रदान गर्ने ।<br>४. आफ्ना परियोजना अन्तरगतका कार्यक्रम, बजेट र योजना तयार गर्दा स्थानीय तहहरूको आवश्यकतालाई विशेष ध्यान दिने ।<br>५. आफ्ना कार्यक्रमहरू नागरिक संस्था, सामुदायिक संस्थाहरूको समन्वय र साझेदारीमा बालक्लब तथा स्थानीय बाल अधिकार प्रणालीसँग सम्वन्धित संरचनाहरूसँगको साझेदारीमा कार्यान्वयन गर्ने, बालबालिकाको क्षेत्रमा भएका अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन अवस्थाको वारे नागरिक संघसङ्गठनसँग सहकार्यमा राज्यलाई सुझाव दिने । | प्रयोगमा बालबालिकालाई कुनै पनि हानी नपुग्ने सुनिश्चित गर्ने ।<br>३. कर्पोरेट सामाजिक उत्तरदायित्वको रुपमा बालमैत्री अभियानमा योगदान गर्ने ।<br>४. बालमैत्री अभियानलाई पब्लिक प्राइभेट पार्टनरसिपका रूपमा सामाजिक विकासको अभियानका रुपमा प्रवर्द्धन गर्ने<br>५. आफ्ना हरेक क्षेत्रमा बाल अधिकारको सुनिश्चितता र प्रवर्द्धन गर्ने ।<br>४.बालबालिकासँग जोडिएका सवालहरूमा गोपनियताको सुनिश्चितताको अभ्यास गर्ने र संवेदनशील हुने । |

**निष्कर्ष**

बालमैत्री स्थानीय शासन नेपालको एउटा रणनीतिक अभियान हो । बालबालिकाका समग्र पक्षहरूसँग सम्बन्धित सूचकहरूलाई एकत्रित रूपमा तयार गरी बालबालिकाको समग्र पक्षलाई सम्बोधन गर्न यो अभियान तयार गरी कार्यान्वयन गरिएको छ । बालबालिका र बालबालिकाको सवालहरूलाई शासन प्रणालीमा मुलप्रवाहीकरण गर्दै स्थानीय तहको नीति, योजना, संरचना, प्रणाली र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धतिका रूपमा बालमैत्री स्थानीय शासनको अभ्यास विकास भएको हो । विभिन्न तहका सरकारको वार्षिक तथा आवधिक नीति, योजना र बजेटमा बालबालिकाको सवाललाई प्राथमिकतामा राखेर गैरविभेद, बालबालिकाको सर्वोत्तम हित, समावेशी विकास, अर्थपूर्ण सहभागिता, समावेशी र समुदायमा आधारित विकाससँग सम्बन्धित सिद्धान्तहरूमा आधारित रही बाल अधिकारको प्रवर्द्धन गर्ने एक महत्त्वपूर्ण शासकीय पद्धती बालमैत्री स्थानीय शासन हो । यसले बालबालिकाका विभिन्न आवश्यकताको सम्वोधनका लागि सेवासँग सम्बन्धित सूचकहरूको परिपूर्तिकोमा मात्र लक्ष्य राख्दैन यसले त सिंगो शासन प्रणालीमा बालबालिकाको अर्थपूर्ण र संस्थागत प्रतिनिधित्व र नेतृत्वको समेत विकास गर्दछ। मूलप्रवाहीकरण, नीति वकालत, सचेतना, संस्थागत विकास, क्षमता विकास, सहकार्य र साझेदारी प्रवर्द्धन, सामुदायिक परिचालन, सामाजिक उत्तरदायित्व र पारदर्शिता, सूचना, शिक्षा तथा सञ्चार, अनुगमन र मूल्याङ्कन मार्फत असल व्यवहार परिवर्तन जस्ता रणनीतिहरूको कार्यान्वयन र सार्वजनिक उत्तरदायित्व सिर्जनाका साथ दिगो रूपमा बाल अधिकार स्थापनाको अवधारणा बालमैत्री अभियानले अनुसरण गर्दछ । सरकारको नीति, कार्यक्रम तथा बजेटमा बालमैत्री प्रवर्द्धनका विभिन्न व्यवस्थाहरू सुनिश्चितता सहित यस अभियान सुरु भएको १ दशक भन्दा बढि समय वितिसकेको छ । यस अवधारणालाई थप स्पष्ट पार्न आवश्यक सहजीकरण निर्देशिका र संचार सामग्रीहरू तयार गर्दै देशभरी रहेका स्थानीय सरकारको स्वपहलमा बालमैत्री अभियानलाई क्रमशः आवश्यक सुधार गर्दै गुणस्तरीय कार्यान्वयनको लागि सक्षम र सहज वातावरण सिर्जना गर्नु आजको आवश्यकता रहेको छ। अभिभावक, बालबालिका, बालक्लब, बालक्लबका पूर्व सदस्यहरू, तीनै तहका सरकारी निकायहरू, नागरिक संघसङ्गठन, सञ्जाल, स्थानीय संघसंस्थाहरू तथा समूहहरू, विकासका साझेदार संस्थाहरू, नीजि क्षेत्र र संचार माध्यम लगायत सबैको महत्त्वपूर्ण भुमिका र प्रभावकारी उपस्थितिले बालमैत्री स्थानीय शासनको अभियानले सबै बालबालिकाको हित, संरक्षण र अधिकारसम्पन्न बनाउन सहयोग पुग्दछ । यस कार्यमा लाग्नुहुने सबै सरोकारवालाको दायित्व हो। बालबालिकाको लागि लगानी गर्न वर्तमान मात्र हैन भविष्यलाई सोच्न प्रतिफल प्राप्त गर्न बालमैत्री अभियान राष्ट्रिय गौरवको अभियानको रूपमा स्थापित गर्न जरुरी छ ।

थप जानकारीको लागि
बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च
सचिवालयः जागृति बाल तथा युवा सरोकार नेपाल
सानेपा ललितपुर

ncflgfurum@gmail.com

Jagriti Child and Youth Concern Nepal
जागृति बाल तथा युवा सरोकार नेपाल